कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

मिति २०७८ साल चैत्र ३० गतेका दिन बसेको नगर कार्यपालिकाको नवौ बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

निर्णय नं. १

यस नगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/१२/०६ गतेको बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो । कार्यन्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने ।

निर्णय नं. २

यस नगरपालिकाको वडा नं. ६(साबिक रझेना ७क र ७ख) को जग्गा जमिन फिल्डमा अपुग भएको, पुर्जा तथा कित्ता नम्बर नमिलेको लगायतका समस्या रहेकाले सो जग्गाहरुमा नगरपालिकाको तर्फबाट नक्सापास, कारोबार सिफारिस लगायत कार्य नगर्ने/नगराउने भनी कार्यपालिकाबाट निर्णय भएकोमा सो समस्या समाधानका लागी सम्बन्धित निकायमा आवश्यक पहल गर्दै हाललाई खरिद/ बिक्रि सिफारिस कार्य सुचारु गर्ने ।

निर्णय नं. ३

यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७८/१२/२३ गतेको बैठकको निर्णय अनुमोदनका लागि पेश भएकोमा तपसिल बमोजिम अनुमोदन गर्ने ।

क) संस्थागत विद्यालय वर्गिकरण मापदण्ड, २०७८

ख) शिक्षा, युवा तथा खेलकुद शाखामा संस्थागत विद्यालयहरुबाट पेश भएका निवेदनमा शाखाको अनुगमन प्रतिवेदन समेतका आधारमा संस्थागत विद्यालय वर्गिकरण मापदण्ड बमोजिम भएको विद्यालयहरुको वर्गिकरण ।

ग) शिक्षा, युवा तथा खेलकुद शाखाबाट सिफारिस भै आए बमोजिम शैक्षिक सत्र २०७९ देखि थप कक्षा तथा तह सञ्चालनका लागि अनुमति प्रदान गर्ने ।

घ) आ.ब. २०७८/०७९ मा शिक्षा तर्फ विनियोजित एमफिल/पीएचडी स्कोलरलाई थेसिस लेखनमा छात्रबृत्ति सहयोग कार्यक्रम अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखाब्राट सूचना जारी भएतापनि स्रोत/निकासा अभावका कारण यस वर्षका लागि सो कार्यक्रम स्थगित गर्ने ।

ङ) आ.ब. २०७८/०७९ मा शिक्षा तर्फ विनियोजित सशर्त तथा निशर्त अनुदान विनियोजन गर्ने सन्दर्भमा शाखाबाट जारी सूचना बमोजिम विद्यालयहरुबाट प्राप्त प्रस्ताव तथा आवश्यकतालाई हेरी तपसिल बमोजिम योजना तथा कार्यक्रम विनियोजन गर्ने ।

तपसिलः

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | विनियोजित कार्यक्रम | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनज्ञानज्योति मा वि | कौशिलानगर | ICT अनुदान | ६५०००० | सशर्त |
| २ | जनचेतना आ वि | गोहवा | ICT अनुदान | ६५०००० | सशर्त |
| ३ | सरस्वती मा वि | पिपरी | ICT अनुदान | ६५०००० | सशर्त |
| ४ | शिवशक्ती आधाभूत विद्यालय | प्रेमनगर | ICT अनुदान | ६५०००० | सशर्त |

नि. प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
कोहलपुर नगरपालिका
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सिद्धार्थ मा वि | रझेना | ICT अनुदान | ६५०००० | सशर्त |
| ६ | ने रा आ वि | चटार | पुस्तकालय | ६५०००० | सशर्त |
| ७ | कोहलपुर मा वि | कोहलपुर | विज्ञान प्रयोगशाला | ६५०००० | सशर्त |
| ८ | हिमालय मदरसा गरिब नवाज प्रा वि | बेडनपुर | नमूना बाल विकास | १५०००० | निशर्त |
| ९ | ने रा आ वि | चन्नहवा | नमूना बाल विकास | १५०००० | निशर्त |
| १० | ने रा आ वि | चन्नहवा | बगैंचा निर्माण | १००००० | निशर्त |

च) कोहलपुर नगरपालेका अन्तर्गतका सामुदायेक विद्यालयमा कार्यरत नगर अनुदान शिक्षक तथा विद्यालय कर्मचारी तथा बाल विकास शिक्षकहरूका लागि चालु आ.व. २०७८/०७९ तर्फ विनियोजित बजेट चौथो त्रैमासिकका लागि अभाव भएका कारण उक्त नपुग रकम अनुमानित रु.५५,०००००/- (अक्षेरुपी पचपन्न लाख मात्र) को दायित्व नगरपालिकाको आगामी आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम समेटिने गरी बजेट निर्धारण गर्ने ।

छ) कोहलपुर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा रहेका विद्यालयमा आधारित तथा समुदायमा आधारित बाल विकास केन्द्रहरूमा कार्यरत बाल विकास शिक्षकहरूको दरबन्दी मिलानको लागि बाल विकास शिक्षक दरबन्दी मिलान कार्यदलले पेश गरेको मिलानको खाका तथा पेशागत घटकहरूबाट प्राप्त सुझाव अनुसार बालविकास केन्द्र तथा बालविकास शिक्षक समायोजन कार्यविधि. २०७८ को अधीनमा रही गरिएको दरबन्दी मिलानको खाका स्वीकृत गरी अनुमोदनका लागि सिफारिस भई आएकोले स्वीकृत गर्ने ।

निर्णय नं. ४ बिबिध

क) आ. व. २०७८/०७९ को निशर्ततर्फ तपसिल बमोजिमका कार्यक्रमहरु विनियोजन गरिएको भए तापनि नगर अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको तल भत्ता नपुग भएको कारण तपसिल बमोजिमले हुनेगरि रकमान्तर गर्ने ।

| सि.नं. | कार्यक्रम/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन | संशोधित क्रियाकलापको नाम | बजेट |
|---|---|---|---|---|---|---|
| १ | वाइफाइयुक्त टोल पढाइ केन्द्रहरुको स्थापना | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | १०० | शिक्षक तथा कर्मचारीको तलब | २५०० |
| २ | विद्यालयमा जीर्ण छाना मर्मत | ३१११३ | आन्तरिक श्रोत | १००० | | |
| ३ | विद्यालयमा जीर्ण छाना मर्मत | ३१११३ | लुम्बिनी प्रदेश | ५०० | | |
| ४ | क्यारियर गाइडेन्स कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | ३०० | | |
| ५ | एम फिल पिएचडी स्कोलरलाई थेसिस लेखनमा छात्रवृत्ति सहयोग | २७२११ | राजस्व बाँडफाँड - संघीय सरकार | १५० | | |

नि. प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | वडा शिक्षा समितिबाट विद्यार्थी भर्ना निरन्तर शिक्षा बालविकास केन्द्र तथा बालसंरक्षण अनुगमन र प्रतिवेदन | २२५२२ | आन्तरिक श्रोत | १०० | | |
| ७ | ठूला विद्यालय सहितको शैक्षिक हब विकास योजना तर्जुमा | ३११३२ | आन्तरिक श्रोत | १५० | | |
| ८ | एक विद्यालय एक स्वास्थ्यकर्मी आउटसोर्स अनुदान | २२७५१ | आन्तरिक श्रोत | २०० | | |
| कुल जम्मा | | | | २५०० | | |

ख) यस नगरपालिकाका PCR Swab संकलन तथा Antigen परिक्षण शिविर कार्यक्रममा संलग्न कर्मचारीलाई स्वास्थ्य शाखाको सिफारिस बमोजिम स्वास्थ्यकर्मीलाई प्रतिदिन रु.१०००।- का दरले, कार्यालय सहयोगीलाई प्रतिदिन रु.३००।-, कोभिड फोकल पर्सनलाई मासिक सञ्चार वापत प्रति महिना रु.१०००।- र शाखा प्रमुखलाई मासिक सञ्चार सुबिधा वापत रु.५००।- का दरले भुक्तानी दिने ।

नि. प्रमुख प्रशासकीय अधिकृत